निर्णय नं.१

यस बारबर्दिया नगरपालिकाको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासिहरुको जग्गा नापजाँच प्रयोजनका लागि २०८२ असार मसान्त सम्म राष्ट्रिय भूमि आयोगका विविध कार्यक्रम र प्राविधिक करार कर्मचारी तलव खर्च शिर्षकबाट पारिश्रमिक प्रदान गर्नेगरि देहाय बमोजिम कर्मचारी सेवा करारमा पदपुर्ति गर्न सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

तपशिलः

| क्र.सं. | पद | तह | माग संख्या |
|---|---|---|---|
| १. | सर्वेक्षक | पाँचौ | १ जना |
| २. | अमिन | चौथो | ३ जना |

निर्णय नं.२

यस बारबर्दिया नगरपालिका क्षेत्रभित्रको नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवाको ठेक्का प्रकिया पटक-पटक हुदाँ पनि ठेक्कापट्टामा नगएकाले यस बारबर्दिया नगरपालिका अन्तरगत चन्दनपुर घाट, ढुङ्ग्रही घाट, बैरियाघाट बाट अमानतमा ढुङ्गा, गिट्टी, बालुवा उठाउन दिने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं.३**

श्री बर्दिया जिल्ला अदालत, बर्दियामा बारबर्दिया नगरपालिकाको कार्यालय, बारबर्दिया नगरपालिकाका नगरप्रमुख, बारबर्दिया नगरकार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत, बारबर्दिया नगरपालिका वडा नं. १० को कार्यालय, बारबर्दिया नगरपालिका वडा नं.१० वडा अध्यक्ष समेतलाई विपक्षी बनाई निवेदक रामकृष्णी थरुनी समेत भएको मुद्धा नं. ०८१-W०-००५ को निवेदन दाविको जग्गामा बाटो नखन्नु र बन्न नलगाउनु घर तथा भौतिक संरचना नभत्काउनु सम्बन्धि मुद्धामा कानून बमोजिम प्रतिउत्तर पेश गर्न, लिखित जवाफ पेश गर्न, छलफल पेशीमा सहभागि हुनका लागि यस बारबर्दिया नगरपालिकाका अधिकृत छैठौं श्री गोविन्द पुरीलाई नगरपालिकाको कार्यालय, नगरप्रमुख, नगरकार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत, वडा नं.१० वडाकार्यालय र वडा अध्यक्ष समेतको तर्फबाट प्रतिनिधिको रुपमा सहभागि हुन पठाउने निर्णय गरियो ।

**निर्णय नं.४**

श्री बर्दिया जिल्ला अदालत, बर्दियामा बारबर्दिया नगरपालिकाको कार्यालय, बारबर्दिया नगरपालिकाका नगरप्रमुख, बारबर्दिया नगरकार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत, बारबर्दिया नगरपालिका वडा नं. १० को कार्यालय, बारबर्दिया नगरपालिका वडा नं.१० वडा अध्यक्ष समेतलाई विपक्षी बनाई निवेदक रामकृष्णी थरुनी समेत भएको मुद्धा नं. ०८१-W०-००५ को निवेदन दाविको जग्गामा बाटो नखन्नु र बन्न नलगाउनु घर तथा भौतिक संरचना नभत्काउनु सम्बन्धि मुद्धामा कानून बमोजिम प्रतिउत्तर पेश गर्न, लिखित जवाफ पेश गर्न, बहस पैरवी गर्न, छलफल पेशीमा सहभागि हुनका लागि बारबर्दिया नगरपालिकाको कार्यालय, नगरप्रमुख, नगरकार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत, वडा नं.१० वडाकार्यालय र वडा अध्यक्ष समेतको तर्फबाट कानून व्यवसायी अधिवक्ता श्री सुर्जलाल थारुलाई कानून व्यवसायी नियुक्त गरि हाजिर हुन पठाउने निर्णय पारित गरियो ।

प्रमुख प्रशासकीय अधिकृत